संवत् २०७९ सालको ऐन नं. .......

# यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना**: यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा संशोधन**: जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जवर्जस्ती करणी सम्बन्धी कसूर वा तेजाब वा ज्वलनशील पदार्थ प्रयोग गरी ज्यान मारेको, अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुऱ्याएको कसूरमा त्यस्तो छुट दिईने छैन।"

३. **मुलुकी अपराध संहिता, २०७४ मा संशोधन**: मुलुकी अपराध संहिता, २०७४ को,-

(१) दफा २१९ को,-

(क) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको

जरीबाना समेत हुनेछ र त्यस्तो जरीबाना वापत प्राप्त सबै रकम प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषमा जम्मा गरिनेछः-

(क) उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम कैद सजाय हुने कसूरदारलाई सात लाख रुपैयाँ जरीबाना,

(ख) उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद सजाय हुने कसूरदारलाई पाँच लाख रुपैयाँ जरीबाना,

(ग) उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय हुने कसूरदारलाई तीन लाख रुपैयाँ जरीबाना ।"

(ख) उपदफा (६) को ठाउँ ठाउँमा रहेका "प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने" भन्ने शब्दहरुको सट्टा "प्रतिरोधक क्षमता ह्रास गर्ने" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २२७ पछि देहायको दफा २२७क. थपिएको छः-

"२२७क.**<u>मिलापत्र गर्न वा गराउन नहुने</u>**: (१) यस परिच्छेद बमोजिम करणी सम्बन्धी कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन मञ्जुर गराउन वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवारको सदस्यबीच मेलमिलाप वा मिलापत्र गराउन वा त्यसको लागि दबाब दिन वा प्रभावमा पार्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरीबाना हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरे वा गराएमा निजलाई उपदफा (२) बमोजिम हुने सजायमा थप छ महिना कैद सजाय हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि

कानून बमोजिम मतियार वा दुरुत्साहन मानिने कसूरमा सोही बमोजिम मुद्दा चलाई सजाय हुनेछ ।"

(३) दफा २२८ मा रहेका “कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।" भन्ने शब्दहरुको सट्टा “जरीबानाबाट प्राप्त हुने रकम समेत विचार गरी कसूरदारलाई सजाय निर्धारण गर्दा निजबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ र कसूरदारले जरीबाना बापत पीडित राहत कोषमा बुझाएको रकम समेत पीडितलाई दिनु पर्नेछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा २२९ को उपदफा (२) मा रहेका “र २२६ को उपदफा (३) अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको मितिले एक वर्षभित्र" भन्ने शब्दहरुको सट्टा “,२२६ को उपदफा (३) र दफा २२७क. को उपदफा (१) अन्तर्गतको कसूर बालबालिकाको विरुद्ध भएकोमा त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले तीन वर्षभित्र, त्यस्तो कसूर पूर्ण अशक्त अपाङ्गता भएका, सुस्त मनस्थिति भएका वा सत्तरी वर्षभन्दा बढी उमेर भएका व्यक्तिका विरुद्ध भएमा कसूर भएको मितिले तीन वर्षभित्र र अन्यको हकमा त्यस्तो कसूर भएको मितिले दुई वर्षभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा ३२ को,-

(क) उपदफा (२) मा रहेका "दसी तथा वस्तु" भन्ने शब्दहरुको सट्टा "दसी तथा वस्तु, जवर्जस्ती करणी सम्बन्धी कसूर भएमा सम्भव भएसम्म पीडित व्यक्ति" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) अभियोगपत्र पेश गर्दा उपदफा (२) बमोजिम पीडितलाई उपस्थित गराइएको रहेछ भने निजको तत्काल बकपत्र गराई दफा १०१ को उपदफा (७) बमोजिम प्रतिवादीलाई जिरह गर्ने अवसर दिनु पर्नेछ।"

(२) अनुसूची-१ को खण्ड (क) को क्रम सङ्ख्या १७ मा रहेका "२२६ को उपदफा (३)" भन्ने शब्दहरुपछि "र सो दफा तथा उपदफाहरुसँग सम्बन्धित दफा २२७क. अन्तर्गतको कसूर" भन्ने शब्दहरु थपिएका छन् ।

५. **खारेजी र बचाउः** (१) यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ खारेज गरिएको छ ।

(२) यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

असार २७, २०७९ मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधन सहित विधेयक पारित गरी राष्ट्रिय सभामा पठाएकोमा असार ३०, २०७९ मा बसेको राष्ट्रिय सभाको बैठकले संशोधनवीना विधेयक पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ (१) बमोजिम प्रमाणित गर्दछु।

............................
(अग्नि प्रसाद सापकोटा)
सभामुख
प्रतिनिधि सभा
मितिः २०७९/ /

प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३(२) बमोजिम प्रमाणीकरण गर्दछु।

............................
(विद्यादेवी भण्डारी)
मितिः २०७९/ / राष्ट्रपति